परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक

❑ वर्ष ९ ❑ अंक १७ २०७७ मंसिर ३ गते आईतवार Sunday 22, NOV, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## सोरह जना जुवाडे प्रहरीको फन्दामा

विराटनगर, मंसिर ७ गते । मोरङ रतुवामाई नगरपालिका वडा नं ८ स्थित सागर बर्तौलाको घरमा हार जित हुने गरी खाल थापी जुवा तास खेल्ने खेलाउने १६ जना जुवाडेहरुलाई नगद सहित प्रहरीले पक्राउ गरेको छ ।

गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङ विराटनगरबाट खटिएको प्रहरी टोली निम्न बमोजिमका १६ जना मानिसहरु खाल थापी जुवा तास खेलीरहेको अवस्थामा फेला पारी नियन्त्रणमा लिएको छ ।

जुवाको खालबाट विभिन्न दरको नेपाली नगद रु. १ लाख ६९ हजार ६ सय ९५ रुपियां, १ बुङ तास, कौडा गोटी १६ थान, बिभिन्न कम्पनीका मोवायल थान १७ तथा सोही ठाउँ नजिक निज व्यक्तिहरु सवार भई आएको १९ वटा मोटरसाईकल र २ वटा कार समेतका सवारीसाधनहरु समेत नियन्त्रणमा लिएका छ ।



पक्राउ पर्नेहरुमा मोरङ रतुवामाई नगरपालिका वडा नं. ७ सिजुवा बजार बस्ने बर्ष ४७ को डिल्लीराम चौलागाई, बर्ष ३५ को मोती पौडेल, बर्ष ४३ को रामनाथ मैनाली, बर्ष ४१ को देबी प्रसाद प्रसाई, बर्ष ३७ को रामनाथ नेपाल, बर्ष ४५ को हेमलाल प्रसाई, बर्ष ४० को नारायण चुडाल रहेका छन् ।

त्यसैगरी मोरंग रतुवा माई नगरपालिका वडा नं. ८ बस्ने बर्ष ४४ को सन्त ब.राई, सिक्किमे टोल बस्ने बर्ष ३५ को सागर गडतौला, बर्ष ४५ को दिपक ढुङगाना, दाम्राभिट्टा बजार बस्ने बर्ष ४५ को योगराज घिमिरे, बर्ष ३८ को अशोक भट्टराई, बर्ष ३९ को राजन हस्ता सतार, रतुवामाई नगरपालिका ६ कादुपाडा बस्ने बर्ष ४५ को गोपी पराजुली बर्ष ३६ को रबिन पोखरेल, मोरङ बेलबारी नगरपालिका वडा नं. ७ बिच बजार बस्ने बर्ष २२ को गणेश श्रेष्ठ रहेका छन् ।

पक्राउ परेका सबैमाथि जुवा ऐन मार्फत थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

## व्यवसायीक हितलाई आत्मसाथ गर्न निर्देशन

विराटनगर, मंसिर ३ गते । प्रदेश नं. १ को प्रदेश प्रहरी कार्यालयद्धारा आयोजित कार्य सम्पादन सम्झौता, प्रगती समीक्षा कार्यान्वयनको चौमासिक कार्यक्रम को अवसरमा प्रहरी संगनको व्यवसायिक हितलाई आत्मसाथ गर्दै अगाडी वढ्न निर्देशन दिएको छ ।

उक्त कुरा कार्यक्रमका प्रमुख अतिथी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी नायव महानिरीक्षक इश्वर बाबु कार्कीले दिनु भएको हो । साथै कार्कीले कार्य सम्पादनको समीक्षा गर्दै देखिएका कमि कमजोरीलाई औल्याउदै सबैले आफ्नो स्थानबाट आत्म समीक्षा गरी जनमानसमा प्रभावकारी ढंगबाट प्रहरी सेवा प्रदान गर्न निर्देशन दिनु भएको थियो ।

साथै कार्कीले प्रहरी हवल्दार तथा जवान लक्षित उत्प्रेरणा अभिवृद्धि २०७७ लाई अक्षरस पालना गर्न गराउन एवम संगठन प्रमुख प्रहरी महानिरीक्षकले अवलम्बन गरेका कार्ययोजना र कार्यादेशको अक्षरस पालना गर्दै संगठनको व्यवसायिक हितलाई आत्मसाथ गर्दै कार्य सम्पादन गर्नु पर्नेमा जोड दिएका थिए ।

त्यसैगरी प्रगति समिक्षा कार्यक्रममै संघीय प्रहरी ईकाई कार्यालय धरानका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र प्रसाद चौधरीले अपराध तथ्याङ्क विश्लेषण प्रस्तुति तथा अपराध अनुसन्धानमा देखिएका कमि कमजोरी माथी प्रकाश पार्दै वस्तुनिष्ठ र पारदर्शी अपराध अनुसन्धानमा सबै प्रहरी व्यवसायिक रूपले कर्तव्यनिष्ठ भई काम गर्नु पर्ने बताउनु भएको थियो ।

उक्त कार्यक्रममा संघीय प्रहरी ईकाई कार्यालय धरानका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र प्रसाद चौधरी, प्रदेश ट्राफिक प्रहरी कार्यालय ईटहरी, सशस्त्र प्रहरी गण मुख्यालय रानी, दंगा नियन्त्रण प्रहरी गण दुहबी, जिल्ला प्रहरी कार्यालय झापा, मोरङ, सुनसरी, ईलाम, धनकुटा र उदयपुरका कार्यालय प्रमुख प्रहरी उपरीक्षकहरु र प्रदेश प्रहरी तालिम केन्द्र रानीका सह समादेशक प्रहरी नायव उपरीक्षकको सहभागिता रहेको थियो ।

उपस्थित सबै कार्यालय प्रमुखहरूले चार महिनाको आ-आफ्नो कार्य सम्पादनको प्रगती विवरण सहितको प्रस्तुतीकरण गर्नु भएको थियो । निकट भविष्यमै बाँकी रहेका जिल्ला प्रहरी कार्यालयका कार्यालय प्रमुखहरु संग भिडियो कन्फ्रेन्स मार्फत कार्य सम्पादन सम्झौता प्रगती समीक्षा सम्बन्धी छलफल गर्ने कार्यक्रम रहेको छ ।

## सूर्यको उपासना गरी छठ पर्व भव्यताका साथ सम्पन

विराटनगर । तराई मधेश लगायत पहाडी भेगमा समेत सुर्यभगवानको उपासना गरी छठपर्व हर्सोउल्लासका साथ सम्पन्न भएको छ ।

हिन्दु, मुस्लिम लगायत अन्य धर्मालम्बीहरु र कुनै पनि जातिय विभेद समेत नगरी मनाईने छठ पर्वलाई एकताको प्रतिकको रुपमा मानिन्छ । छठपर्व गर्ने श्रद्धाल भक्तजनहरुले निष्ठापूर्व चार दिन सम्म मनाउने यो पर्वको लागि जलासय, कुण्ड, पोखरीको किनारालाई विहोली झै सजाएर अस्ताउँदो सर्य र उदाउँदो सर्यलाई अर्घ दिएर सम्पन्न गरीन्छ ।

तर यसपालि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण नेपाल सरकार र स्थानीय सरकारले सामूहिक रुपमा भेला, उत्सव, मनाउन रोक लगाएकाले छठपूजाको चहलपहल नदी, कुण्ड, पोखरीको किनारामा आन्शिक रुपमा देखिएको छ भने छठपर्व गर्ने भक्तजनहरुले आ-आफ्नै घरमा खाल्डो खनेर त्यसमा जल भरी मनाउने तयारी गरी रहेका छन् ।

छठपर्व कात्तिक शुक्ल चौथीका दिन 'नहाय-खाय' विधिबाट शुरु गरेका हुन्छन् । ब्रतालुले आज पर्वको दोस्रो दिन 'खरना' गर्ने गरीन्छ । खरनाका दिन दिनभरि उपवास बसेर बेलुका चन्द्र दर्शन गरिसकेपछि माटोको नयाँ चुल्हो र माटाकै भाँडामा सख्खर, दूध र चामलको खीर पकाइ केराको पातमा राखेर छठी मातालाई चढाएर ब्रतालु र परिवारका अन्य सदस्यले प्रसादको रुपमा खाने गर्छन् । आज दिनभरि उपवास गर्ने ब्रतालुले सूर्यास्तपछि चन्द्रदर्शन गरेर आज यो विधि सम्पन्न गर्नेछन् । यसअघि ब्रतालुले पर्वको पहिलो दिन 'नहाय-खाय' पवित्र स्नान गरेर शुद्ध खानेकुरा खाइने विधि सम्पन्न गरिसकेका छन् ।

छठपर्वको तेस्रो दिन सूर्य उपाशनाको निराहार ब्रत बसेर ब्रतालुले जलाशयमा पुगेर अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिनेछन् । यसलाई मिथिला क्षेत्रमा 'सझुका अरख' भन्ने गरिएको छ । त्यसैगरी सप्तमीका दिन बिहान ब्रतालुले उदाउँदा सूर्यलाई दोस्रो अर्घ दिएर छठपर्व समापन हुन्छ ।

छठ पर्वमा बनाइएका प्रसाद ठकुवा, भुसुवासहितका मिष्ठान्न परिकार इष्टजनलाई घरमै बोलाएर ख्वाउने र आफन्त नातेदारकहाँ पुर्याउन जाने चलन रहेका छ । छठपर्वमा श्रद्धा र निष्ठाको निकै ख्याल गरिन्छ । अर्घ दिने पूजा सामग्रीमा बनाइने ठकुवा, भुसुवा सहितका मिष्ठान्न परिकार ढिकी-जाँतोमा कुटिएको, पिसिएको पिठोबाटै तयार गरिन्छ । पर्वमा अर्घ्य दिने पवित्र जलासय किनारमा आकर्षक घाट बनाइने, फूलले सजाउने, केराको वोटले सजाउने र सरसफाइ गरिने कामलाई महत्वका साथ लिने गरिएको छ ।

केही वर्ष पहिलेसम्म मधेसीमूलका हिन्दूहरुले मात्र मनाउँदै आएका यो पर्व अब पर्वतेमूलका हिन्दू र इस्लाम

वांकी अन्तिम पेजमा...

क्वारेन्टिन कार्यालय मोरंगको सूचना

*विरूवा तथा विरूवा जन्यउपजहरूको निकासी पैठारी र ओसार पसार गर्दा सत्रु जीवको प्रवेश हुन सक्ने भएकोले विरूवा संरक्षण ऐन २०६४ तथा विरूवा संरक्षण नियमावली २०६६ अनुसार त्यस्ता विरूवाहरू तथा विरूवा जन्य उपजहरूको अनिवार्य क्वरेन्टिन जाँच गराई ओसार पसार गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*

क्वारेन्टिन कार्यालय मोरंग

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## बालबालिका..

संस्कार र जीवनप्रतिको सकारात्मक सोच विकास गराउने क्रियाकलाप सहितका आदत विकास गर्न सबै अग्रसर हुनुपर्छ ।

अभिभावकले आफ्नो ऐना बच्चामा हेर्ने भएकाले सन्तानको बाल्यकालमा मात्र नभएर आफ्नो वृद्ध अवस्थामा समेत जीवनको सार्थकता आफ्ना सन्तानले उन्नति प्रगति गरेको देख्दा र सुन्दा हुने गर्छ । सन्तानको सफलताबाट आफ्नो उपलब्धि मापन हुने र वृद्धावस्थाको सहारासमेत कुनै न कुनैरुपमा अहिलेका बालबालिका हुने भएकाले पनि उनीहरुलाई असल संस्कार, कर्तव्यपरायणता र कामको सम्मान गर्ने भावनाको विकास गर्न अभिभावकले घरको वातावरण राम्रो बनाउँदै जानुपर्छ । वास्तवमा बालबालिका भावी दिनका उज्याला नक्षत्र भएकाले जीवनको बीउरुपी बाल्यकालमा असल कुराहरु हस्तान्तरण गर्ने विषयमा हरेक अभिभावक चनाखो हुनुपर्छ । यसरी बच्चालाई खुसी राख्न अभिभावक तत्पर हुने हो भने सकारात्मक ऊर्जाका कारण स्वाभाविकरुपमा अभिभावकका मस्तिष्कमा खुसी बढाउने तत्व सेराटोनिन र डोपामाइनको मात्रा बढ्न गई शान्ति र खुसीमा झनै वृद्धि हुन्छ । मानिसहरु खुसी र सम्पन्नताको खोजमा भौंतारिइरहेको वर्तमान अवस्थामा बालबालिकालाई असल र स्वस्थ बनाउन प्रयासरत अभिभावकहरु नै भित्रैदेखि सुखी र खुसी हुन सक्ने कुरा अध्ययनहरुले पनि देखाएका छन् । यसैले त बालबालिकालाई खुसीका अनन्य स्रोत मान्ने गरिएको हो । १२ खरीबाट

## सूर्य..

धर्मावलम्बीहरुले समेत धुमधामसँग मनाउन थालेपछि छठ पर्व साझा पर्व बन्दै गएको पाइएको छ । पर्वमा सबै धर्म, संस्कृति र वर्ग सामेल हुने हुनाले यो पर्व लोकसंस्कृतिको अभिन्न अंग बनिसकेको छ ।

छठपर्व बुधवार नहाय-खायवाट शुरु भई विहीवार खरना, शुक्रवार अस्ताउँदो सुर्यलाई अर्घ र शनिवार विहान उदाउँदो सूर्यलाई अर्ग दिएर सम्पन्न भएको छ ।



सूर्य भगवानको उपासना गरी मनाउने छठ पर्व यसपालि कोरोना भाईरसको कारण तलाव, पोखरी, कुण्डमा नगरी आफ्नै घर अगाडी खाल्डो खनी त्यसमा जल भरेर सोही जलले अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिएर शनिवार विहान सम्पन्न भएको छ ।

छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔं ।

## ब्राउन सुगर र गाँजा सहित नौ जना पक्राउ

विराटनगर । लागु औषध ब्राउन सुरगर र गाँजा सहित ९ जनालाई इलाका प्रहरी कार्यालय उर्लावारीले नियन्त्रणमा लिएको छ ।

गोप्य सूचनाको आधारमा मंगलवार जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं. ७ बस्ने छोमाई तामाङ को घरमा लागुऔषध ब्राउन सुगर र गाँजा विक्री बितरण तथा सेवन गरिरहेकोमा उर्लाबारीबाट खटिएको प्रहरी टोलीले सवारी लागु औषध ब्राउन सुगर, सवारी साधन समेत नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा मोरङ उर्लाबारी नगरपालिका वडा नं. ७ स्कुलडाँडा बस्ने वर्ष २१ की ममता तामाङ, वर्ष २४ को मिलन याक्सो, वर्ष १९ को असिम लिम्बु, वडा नं. ९ भोटेपुल बस्ने वर्ष २८ को आकास लिम्वु, झापा दमक नगरपालिका वडा नं. ७ बजार लाईन बस्ने बसिर वर्ष १९ को ससिन सेख, वडा नं.४ सिर्जना टोल बस्ने वर्ष ३० को सुमन सुनुवार, मोरङ रतुवामाई नगरपालिका वडा नं. ८ ईटहरा वस्ने वर्ष २२ को रुमपमान केदेम (लिम्वु), वडा नं. १० सातमेडि बस्ने वर्ष १९ को एन्जील मगर, वडा नं. ९ ईटहरा बस्ने वर्ष २५ को मन्जील बस्नेत रहेका छन् ।

उनीहरुसंग ४ ग्राम ७२७ मिलि ग्राम ब्राउन सुगर, १८४ ग्राम २३० मिलि ग्राम गाजाँ फेला परेको थियो । सो सम्वनधमा थप अनुसन्धान भई रहेको ईलाका प्रहरी कार्यालय उर्लावारीले जनाएको छ ।

सशस्त्र प्रहरी वल नेपाल वि.ओ.पीं. नोचा, धनपाल थान गाउँपालिका वडा नं. २ का इन्सपेक्टर कृष्ण दहालको नेतृत्वमा करीब ५० हजार बरावरको आतिसवाजी (पटाका) हरू बरामद गरी धनपालथान वडा नं. २ का वडा अध्यक्ष जनकलाल चौधरी, नोचा प्रहरी चौकीका असई प्रलाद वोगटी लगायत राजनीतिक दलका प्रतिनिधीहरूको रोहवरमा मंसिर 3 गते बुधवारको दिन नष्ट गरिएको थियो ।
तस्वीर : अताउर रमान







अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# एमालेका दुई चालकले देशलाई खतरामा पार्ने हो कि ?

नेपालको राजनीतिमा कम्यूनिष्ट सरकार वनाउन गरिएको हतार को परिणाम आहिले आएर छटाछुल्ल भएको छ। लोकतान्त्रिक गणतन्त्र मुलक भई सकेपछि भएको पहिला स्थानीय, प्रदेश र संघको निर्वाचन भन्दा पहिले नेपाल कम्युनिष्ट पार्टी एमाले र नेपाल कम्युनिष्ट पार्टी बीच एकता भई निर्वाचनमा होमिएका थिए। जसको परिणाम आमनेपाली जनताले पनि एकलौटी सरकार संचालन गर्न पूण वुहमत दिएका थिए। निर्वाचन कसैको वहुमत नआउँदा पार्टी भित्र सरकार संचालन गर्न भाडभैलो भई रहेको देखेरै नेपाल कम्युनिष्ट पार्टी नेकपालाई बहुमतका साथ सरकार संचालन गर्न जनआदेशलाई लत्याउदै एउटै पार्टीका दुईवटा चालक भएर कही देश नै खतरामा जानेहो कि भनेर आम नागरिको चिन्ताको विषय बनेका छ। दुईवटा ड्राईभर भनेको नेकपाका अध्यक्ष र नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओली र अर्को अध्यक्ष पुष्पकमल दहाल वीचका विवाद अहिले एमालेपार्टी भित्र सतहमा पुगेको छ। देश संचालनको लागि दिएका जनादेशलाई वेवास्ता गर्दै देशलाई खाडलमा धकेल्न दुवै नेता लागि परेका छन्।

सात दशक पछि सत्ता चाख्न पाएका नेकपाको पार्टी भित्रको विवाद हिले सतहीमा पुगेर गुटवन्दीमा पुगेको पुष्पकमल दालको गुटका व्यक्तिले ओली गुटका नेतालाई दुर्व्यवहार गर्ने ओली गुटका कार्यकता दहाल गुटका नेतालाई दुर्व्यवहार र अपमान गर्न थालि सकेका छन्। आफ्नो पार्टीलाई नै संचालन गर्न नसक्ने दुइवटै अध्यक्षहरु देश संचालन गर्न असम्भव कुरा हो। त्यसैले अव फेरी पनि आम नेपाली जनताले बैकल्पीक शक्तिको खोजीमा लागि सकेको छ। नेकपा भित्रको अन्तर विरोधले अहिले देश बचाउँ राजा ल्याउ भन्दै सडकमा ठुलै नाराहरु लाग्न थाले सकेको छ। आफै भित्रको द्धन्द्धले कम्युनिष्ट पार्टीला फेरी पनि आफ्नै धरातलमा लाने हो कि भने पार्टी भित्रवाट चिन्ताका स्वरहर आउनु थालेका छ । नेकपाका केपी शर्मा ओली र पुष्पकमल दहाल प्रचण्डले आफ्नो व्यक्तिगत, पार्टी गत स्वार्थ भन्दा माथि उठेर देश र जनताको लागि काम गर्नु पर्नेमा आफ्नो जिम्मोरीलाई विर्सेर जनताको अगाडी भ्रष्टाचारी कहलाउन थालेका छन्।

नेकपा भित्र देखिएको पदको विवादले पार्टी भित्रैवाट भई रहेको भ्रष्टाचार समेत भई रहेको पार्टीका नेताहरुले नै भनि रहेको अवस्थमा अरुले केही भन्नै पर्दै आफै ओली र प्रचण्डा आरोप प्रत्यारोपमा उत्रकाले पार्टी फेरी पनि फुटेर भागबण्डाको आधारमा सरकार संचालनको लागि कसरत भई रहकेको छ। पाँच वर्षको लागि दिएको बहुमतीय सरकारको तीन वर्ष अवधि कटि सकेको छ। अव दुई वर्ष भित्र यस्तै पार्टी भित्र भाडभ्कैलो भई राखेमा पुन : नेकपा पार्टी ७ दशक पछाडी धकेल्न पक्का छ त्यसैले पार्टीको आन्तरीक वादविवाद आन्तरिक रुपमै समाधान गरी जनताको आंकाक्षा अनुसार संत्ता संचालन हुन आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमभ्कदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# पत्रकारलाई नबुझ्दाको पीडा

**कविता खड्का**

लकडाउन अनुभव/वर्तमान मानव पुस्ताले भोग्नुपर्ने जटिल समस्याहरू मध्ये अहिले भोग्दै गरेको कोभिड(१९ बाट सिर्जित विश्व महामारी सम्भवतः यो पुस्ताको लागि सबैभन्दा ठूलो चुनौति हो। विश्व समुदायलाई नै 'एक' थलोमा पुऱ्याउने यो महामारी सिंगो विश्वलाई धर्मराउने बनाउने पक्कै पनि एउटा डरलाग्दो र अकल्पनीय घटना बन्दैछ।

हामीले उपयोग गर्दै आइरहेको सूचना स्रोतले एक तहको भुलभुलैया सिर्जनासमेत गरिरहेको भान हुन्छ। जुन दिन हामीले त्यस भुलभुलैयाबारे सुइँको पाउने छौं, त्यतिखेर धेरै ढिला भइसकेको हुनेछ। स्वयं मानव अस्तित्व नै उम्किनै नसक्ने गरी खतराको संघारमा पुगिसकेको हुनेछ। कोरोनाले धेरै मारमा परेकाहरू बिहान बेलुकीको छाक टार्न गाह्रो भएका गरिब, मजदुर, कामदार र सिमान्तकृत नै हुन्। यो वर्गलाई लक्षित गरेर ल्याइएका सामाजिक सुरक्षा र राहतका कार्यक्रमहरू लक्षित वर्गको पहिचान, कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र अनुगमन अनि अनियमितता गर्नेलाई कडा कारबाहीको अभावले गर्दा असफल भएका छन्। यो कुरा मेरो मन मस्तिष्कमा उकुसमुकुस भएर गाठो परेको छ। कुन उपाय र कस्तो मन्त्र अपनाउदा साँच्चिकै सबै तह-तप्काका व्यक्तिहरु जवाफदेही उत्तरदायी बन्छन् ? प्रश्न जीवित छ।

म कविता खड्का, पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका वडा नम्वर ८ स्थित मध्य नेपाल मिडिया प्रा.लि.द्वारा संचालित मध्य नेपाल सन्देश साप्ताहिक पत्रिका तथा अनलाइनको सम्पादक हुँ। २०७३ सालदेखि वीरगञ्जका पत्रकार महिलाहरूको सकृयतामा प्रकाशन हुँदै आएको पत्रिका एक वर्ष पहिलादेखि नै हामीले आफ्नै कलर छापाखाना संचालन गरी रंगिनमा प्रकाशित गरिरहेका छौ। अहिले नोवेल कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रणका लागि सरकारले लकडाउन घोषणा गरेको धेरै दिन भइसकेको छ। हाम्रो टिम लकडाउनको पालनाको साथै सावधानी अपनाउदै निरन्तर काम पनि गरि नै रहेको छ। कहिले घर त कहिले कार्यालयमा बसे पनि प्रविधिको प्रयोग गरी लकडाउनको समयमा भएका समस्या र त्यसको प्रभावको बारेमा निरन्तररूपमा समाचार सम्प्रेषण र सत्य तथ्य समाचार पस्कने हाम्रो प्रयासमा बिराम लागेको छैन। हामीलाई लकडाउनको मारभन्दा पनि आफना पाठकमाझ पत्रिका पुऱ्याउन नपाउदा पिरोलो हुन्छ। हुन त यस्तो अवस्थामा हामीले पत्रिका बजारमा सबै पाठकमाझ सहज रूपमा पुऱ्याउन सकेका त छैनौं। पी.डी.एफ.मा निकालि रहेका छौं र अनलाईनमार्फत पाठकमाझ समाचार पुऱ्याउने प्रयास निरन्तर छ। तर जुन सन्तुष्टि पाठक बर्गमा पत्रिका पुग्दा हुन्थ्यो, त्यो सन्तुष्टि अहिले छैन।

पाठक वर्गले पनि वर्तमान समस्यालाई बुझिराखेका छन्। जुन हिसाबले हाम्रो पत्रिका पढ्ने बानी उहाँहरूलाई थियो, त्यो उहाँहरूलाई पनि खल्लो लागिरहेको पाइएको छ। कतिपय पाठकले पत्रिका त बन्द हुँदैन। लौ न कसरी पढन पाइन्छ ? व्यवस्था मिलाउनु पऱ्यो भन्दा उहाँहरूलाई ईमेल र फेसबुकको माध्यमबाट जोड्ने कार्य गरि नै रहेका छौं। देशमा लकडाउन शुरू भएसंगै हामीले पनि त्यसको पालना गरी सकेसम्म भिडभाड नगरी काम गरिरहेका छौं। वीरगञ्जमा पहिलोपटक तीन जनामा कोरोना संक्रमण भेटिएपछि अझ सावधानी अपनाउदै समाचारहरू सामाजिक संजाल, वेबसाइट तथा ईमेलमार्फत पुऱ्याई नै रहेका छौं। हामी संचारकर्मीको भूमिका यस्तो बेलामा अझ बढी हुने भएकोले सावधानी अपनाउदै काम गरिरहेका छौं। बिपदको समयमा कसरी पत्रकारिता गर्ने ? आफू पनि सुरक्षित भई सम्पूर्णलाई सहज र सुरक्षित हुने किसिमको समाचार सम्प्रेषणमा हाम्रो टिम अहोरात्र खटिरहेको छ। त्यसको बारेमा सूचना आदान-प्रदानसमेत भइरहेका छन्।

कामकै शिलशिलामा बैशाख ३० गते दुई जना पत्रकारसहित ५७ जना कोरोना भाइरसबाट वीरगञ्जमा संक्रमित भेटिएपछि एकाएक वीरगञ्ज क्षेत्र अझ त्रसित बन्यो। जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरी कोभिड १९ को संक्रमण रोकथाम एवं नियन्त्रण गर्न तथा शान्ति सुव्यवस्था कायम गर्न थप कडाइ गऱ्यो। धेरै संक्रमण भएका र अति जोखिममा रहेका स्थानमा नेपाली सेना परिचालन गर्ने निर्णय गऱ्यो। ३० गते मंगलबार बिहान दिउँसोसम्म पत्रकार दुर्व्यवहारको विरोधमा आन्दोलन गरिरहेका पत्रकारहरू मध्यकै दुईजना संक्रमित भएपछि वीरगञ्जको माहौल एकाएक फरक मोडमा पुग्यो। संचारकर्मीहरू पनि अलि बढी त्रसित भए। शुरूमा ५ बेड हुँदै २५ बेड, ५० र पछि ७० बेडको नारायणी अस्पतालको आइसोलोसन कक्ष केही दिनमा नै भरियो। सामान्य अवस्थामा रहेको वीरगञ्जमा पत्रकारसहित ३९ जना संक्रमितको खबर भुसको आगो जस्तै फैलियो। एकाएक सबैको फोनको घण्टी बज्न थाल्यो। सबैले एक अर्काको हाल खबर र आफूले भेटेको व्यक्तिको बारेमा सोधखोज भयो। पत्रकारहरू जो जहाँ थिए, त्यहीँ रोकिए। बजारमा हुने घरतिर लागे, कार्यालयमा हुनेले थप सूचना खोज्न कार्यालयमै बस्ने वातावरण बनाउन थाले। साँझतिर निषेधाज्ञा जारी भएको र सबै पासहरू रद्ध गरिएको सूचना आएपछि केही पत्रकारहरू कार्यालयमै बसे र केही घरमा गएर होम क्वारेन्टाइनमा बसे। नेपालमा त्यो समयताका यति धेरै संक्रमित भेटिएको पनि पहिलो पटक नै थियो। प्रहरी प्रशासन लगायत यस क्षेत्रका सबैलाई अब के होला ? भन्ने कुरामा सबै झस्किए।

मलगायत मेरा साथीहरू मध्य नेपालकै कार्यालयमा थियौं। त्यो दिन लगभग तनाब दिनेखालकै फोन आए। बाहिर नजाउ, घरबाटै काम गर, धेरै मान्छेसंग भेटघाट नगर भनेर हप्काउने मेरो मम्मीले त्यो दिन सम्झाउँदै केही हुन्न घर आऊ भनेर फोन गर्दा मेरा आँखा रसाए। धेरै सोचेर र अलिक तनाव कम भएपछि घर आएँ।

भोलिपल्ट बिहानै सबै पत्रकारको स्वाव संकलन गर्ने सूचना आएपछि अलिक राहत महशुस भयो। तर घर फर्किरहँदा बाटोमा पत्रकारका ज्याकेट देखेर मान्छेहरू बाटो छोडेर साइड लाग्नथाले। मलाई महशुस भयो कि, हामीलाई हेर्ने दृष्टिकोण फरक भइसकेको छ। पत्रकार देखेपछि कुराकानी गर्ने, लकडाउन कहिले खुल्छ भनेर सोधिहाल्ने मान्छेहरू हामीसंग बोल्न डराउन थाले। दुई जना पत्रकार संक्रमित भएपछि सबै पत्रकार नै संक्रमित छन् जस्तो व्यवहार हुन थाल्यो। सामाजिक संजालमासमेत टिका टिप्पणी हुन थाले। कतिपय सरकारी कर्मचारीसमेतले पत्रकारलाई लक्षित गरेर व्यङ्ग्य गर्न थाले।

हाल मध्य नेपालमा काम गर्ने २३ जना छौं। लकडाउनका कारण काम कम भएको र आलोपालो गरी डिउटी गरे पनि बस्ने टेबल कुर्सी, क्यामरा, शौचालय लगायत सामग्री साझा भएकोले एक जनामा पनि संक्रमण भएको भए हामी सबै जनामा हुने सम्भावना भएकाले मनमा डरत्रास कतिसम्म थियो भन्ने कुराको कुनै सीमा थिएन। हामीभन्दा पनि हाम्रा घर परिवारलाईसमेत यसको असर पर्ने संक्रमित हुने सम्भावना मनमा आउथ्यो। आफूभन्दा पनि आफ्ना कारणले घर परिवार वा अरुलाई केही हुने हो कि ! भन्ने चिन्ताले सबैको रिपोर्ट नआउञ्जेल निन्द्रा नै हराएको थियो। कार्यालयको प्रमुख भएको नाताले मलाई धेरै फोन आइरहयो। कार्यालयमा काम गर्ने सहकर्मीलगायत त्यहाँ आएकाहरूले चासो व्यक्त गरिरहेका थिए। कोरोना पोजेटिभ भयो भने के गर्ने ? भन्नेसमेत सोधे। सहकर्मीका कतिपय परिवारले त्यही दिनबाट पत्रकारिताको पेशा नै परिवर्तन गर्नुपर्ने खालका कुराहरू गरिरहेका थिए। मानौं कि पत्रकारलाई मात्र कोरोना लाग्ने रहेछ जस्तो गरी।

हुन त यो पेशा चुनौतीपूर्ण नै छ। तर पहिला ठिक र केही भए बेठिक, यस्तो मानसिकता हाम्रो समाजमा देखियो। त्यो समयको म कल्पनासमेत गर्न सक्दिन। कोरोना मैले नै सारेको र म नै पोजेटिभ हुँ भन्नेजस्तो मलाई भान भएको थियो ? मेरो करकापमा कोही सहकर्मी कार्यालय आएका होइनन् भन्ने कुरा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चिल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# करीब २ लाख सहित सात जुवाडे पक्राउ

विराटनगर । जुवा खेल्ने एक समूहलाई प्रहरीले १ लाख ८८ हजार नगद र जुवा खेल्ने सामग्री सहित पक्राउ गरेको छ ।

मोरङ लेटाङ नगरपालिका वडा नं. ९ जाँते स्थितमा सोएता मगरको घरमा जुवा खेली रहेको भन्ने खबर प्राप्त हुना साथ ईलाका प्रहरी कार्यालय लेटाङबाट प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी टोली खटी गई जुवा खेल्दै गरेका निम्न ७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।



पक्राउ पर्नेमा लेटाङ नगरपालिका वडा नं. ९ जाँते बस्ने बर्ष ४५ को ददिराम पौडेल, २५ को निर्मल मगर, बर्ष ३१ को रन्जित गजमेर, बर्ष ५२ को नरध्वज खड्का, बर्ष ३२ को चन्द्र बहादुर गौतम, बर्ष २९ को सिरि कुमार पुलामी मगर र जिल्ला तेह्थुम मेन्सायोङ गाउँपालिका वडा नं. ३ बस्ने यम कुमार शेर्पा रहेका छन् ।

उनीहरुको साथवाट नगद रुं १ लाख ८८ हजार ७ सय ४५ रुपिया नगद, कौडा १ सेट, तास ६ बुक, मोवाईल १६ थान रहेको छ ।

ती सवै उपर जुवा ऐन अन्तर्गत थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

# करणीका फरार अभियुक्त पत्राउ

विराटनगर । जवरजस्ती करणी गरी फरार रहेकका एक जना प्रतिवादी लाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार श्रावन १ गते जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं. ३ स्थित खयरवना टोल भित्री बाटोमा जिल्ला मोरङ जहदा गाउँपालिका वडा नं. ५ बस्ने बर्ष २४ को बिशाल सोनार ठाकुरले जवरजस्ती करणी गरेका थिए ।

बर्ष २३ की सांकेतिक नाम विराटनगर (५) लाई ललाई फकाई प्रलोभनमा पारी जवरजस्ती करणी गरी हालसम्म फरार रहेकोमा ठाकुरलाई १ नं. प्रदेश प्रहरी कार्यालय रानी, विराटनगरबाट खटिएको प्रहरी टोलीले मंगलवार मोरङको रंगेली नगरपालिका वडा नं.७ मधुवनीबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

# हेलिकप्टरवाट गर्भवत्तीको उद्धार

खोटाङ्ग । अधिक रक्तश्रावका कारण बिरामी परेकी दिप्रुङ चुइचुम्मा गाउँपालिका-७ टेम्माकी ३५ वर्षीया कविता राईको हेलिकप्टरबाट उद्धार गरिएको छ ।

सुत्केरी व्यथा लागेर जिल्ला अस्पताल खोटाङ भर्ना भएकी कविताको उपचार सम्भव नभएपछि थप उपचारका लागि बुधबार नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरेर काठमाडौं पठाइएको हो ।

सुत्केरी व्यथा लागेर अस्पताल आउनुअघिदेखि नै अधिक रक्तश्राव भएपछि बिरामी परेकी राईलाई सघन उपचार कक्षमा राखेर उपचार गर्नुपर्ने भएकाले काठमाडौं थापाथलीस्थित प्रसूति गृहमा पठाइएको अस्पतालका मेडिकल अधिकृत डा.मनिष पौडेलले बताए ।

'कविताको शरीरबाट धेरै ब्लड गएको छ', उनले भने, 'उहाँलाई सघन उपचार कक्षमा राखेर उपचार गर्नुपर्ने भएकाले यहाँको अस्पतालमा सुविधा नभएपछि थप उपचारका लागि काठमाडौं पठाइएको हो ।' रासस

# धार्मिक धरोहर : राष्ट्रको पहिचान

देवेश झा

छिन्नमस्ता भगवती मन्दिर

छिन्नमस्ता भगवती सप्तरी जिल्लाको राजविराजबाट दक्षिण सीमावर्ती क्षेत्र छिन्नमस्ता गाउँपालिका मा पर्छ । यो मन्दिर सप्तरी सदरमुकाम राजविराज बाट ११ किमी को दुरीमा भारतीय सीमा नजिक रहेको छ । यस मन्दिरमा हिन्दुहरूको महान् चाड दशैंमा ठुलो घुइँचो लाग्ने गरेको छ र यहाँ बोकाको बलि दिने गरिन्छ । प्रायजसो हिन्दूहरू साना ठूला सवारी किन्दा चोख्याउन यहाँ आउने गरेका छन् ।

प्राचीन इतिहास र किम्वदन्ती का अनुसार, सन् १०९७ मा मुसलमानले आक्रमण गर्दा कर्नाटकका कर्नाटवंशी राजा नान्यदेव पाटलीपुत्र हुँदै तत्कालीन तिरहुतको सिम्रौनगढ (बारा)मा राजधानी कायम गरे । नान्यदेव वंशको पाँचौं पुस्तामा शक्रसिंह देव राजा भए। उनी आफ्नो नाबालक छोरा हरिसिंह देवलाई राजगद्दीमा राखी निर्वासित जीवन बिताउन सप्तरी आए । त्यसबेला जङ्गलले ढाकिएको यस स्थानमा जङ्गल सफा गर्दा भेटिएको भगवती मूर्तिलाई उनले आफ्नो कुलदेवीको रूपमा स्थापना गरी आफ्नो नामबाट देवीको नाम शक्रेश्वरी राखे भन्ने भनाइ छ । सन् १३२८ मा गयासुद्धिन तुगलकले तिरहुतमाथि आक्रमण गरेका थिए । जसको फलस्वरूप सिम्रौनगढ ध्वस्त भयो। सिम्रौनगढका मूर्तिहरू अहिले पनि फुटेकै अवस्थामा छन् । यस प्रकार सखडा भगवतीको मूर्ति पनि त्यहीबेलाको आक्रमणमा फुटेको केही इतिहासविद् हरुको अनुमान छ । देवीको शिर नभएकोले केही समयपछि सो मूर्तिलाई छिन्नमस्ता भगवती भन्न थालिएको हो। शक्रेश्वरी को अपभ्रंश भएर नै उक्त गाउँ सखडा हुन गएको हो । तीन दशक पूर्वसम्म सखडा भगवतीलाई सखडेश्वरी भगवती भनेर नै पूजा गरिन्थ्यो ।

करिब सवासय वर्षअघि सखडाको भगवती मन्दिर एउटा गुफाको रूपमा थियो। त्यहाँ स्थानीय बासिन्दा ले सङ्कलित गरेको रकमबाट सानो मन्दिर निर्माण गरेका थिए तर सो मन्दिर वि.सं. १९९० सालको महाभूकम्पमा भत्किएकोले समाजको सहयोगमा टिनको छाना भएको मन्दिर बनाइयो । सो पनि जीर्ण हुँदै गएकाले वि.सं. २०२८ सालमा तत्कालीन भारतीय रेल मन्त्री स्व ललित नारायण मिश्रले पक्की मन्दिरको साथै तीन कोठे धर्मशाला पनि बनाउन लगाएका थिए । वि.सं. २०४४ सालमा तत्कालीन राजा बीरेन्द्रले मन्दिर निर्माणको लागि रु. पाँच लाख चढाएर भगवतीको प्यागोडा शैलीको भव्य मन्दिरको निर्माण गराए जुन अद्यावधि छ ।

मन्दिरभित्र मूल देवीको रूपमा भगवतीको कालो रङको बुट्टेदार मूर्ति छ। उक्त मूर्तिको पाउतिर राँगाको काटिएको टाउको प्रस्ट रूपमा ढुङ्गामा कुँदिएको छ। मूल मूर्तिको देब्रेपट्टि दक्षिणकाली, महिषमर्दिनी र दाहिनेतिर चामुण्डा भैरवी र त्यस्तै कालो रङको अर्को प्रस्तर मूर्ति स्थापित छ। ती मूर्तिहरूलाई पञ्चभगिनी पनि भनिन्छ। छिन्नमस्ता भगवती मुसलमान हरूको पनि आस्थाको केन्द्र बनेको छ। मुसलमान समुदायका हजारौं व्यक्ति विभिन्न मनोकामना लिएर छिन्नमस्ता भगवती मन्दिर बाहिर बसी फूल हैस गर्न आउने गरेका हुन्छ ।

देवीलाई नवरात्रमा ५६ प्रकारका परिकार बनाई मध्यरातमा पूजा गर्ने गरिएको छ। पूजा गर्दा केही विघ्नबाधा उत्पन्न हुन थालेपछि भगवतीको सिंहासनमा एउटा जन्तर राखी महाअष्टमीको राति तान्त्रिक विधिद्वारा पूजा गर्ने गरिएको छ । यहाँ बलि प्रदान गर्दा निस्केको रगतमा झिङ्गा नबस्नु, रगत लुगामा लागे पनि दाग नलाग्नु, रगत पोखरीको पानीमा मिसिदा रातो नहुनु, बलि प्रदान गर्ने नाममा राखेका खसी बाखालाई केही नहुनु, बलिका लागि किनेका पशुलाई कुकुर र स्याल टोकेको छ भने मन्दिर नपुग्दै मर्नु आदि आश्चर्यजनक काम हुँदै आएको भनाई रहेको छ ।

कंकालिनी मन्दिर

कंकालिनी मन्दिर कंकालिनी मन्दिर सप्तरी जिल्लाको राजविराज देखि १८ किलोमिटर पूर्व हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गत भारदहमा पर्छ । कंकालिनी मन्दिर मनोकामना पूरा गर्ने शक्तिपीठहरू मध्ये एक मानिएको हुदा नेपाल र भारतका श्रद्धालुको ठूलो आस्था रहेको छ । यस मन्दिरमा हिन्दुहरूको महान् चाड दशैंमा ठुलो मेला लाग्ने गरेको छ । किम्बदन्ती अनुसार भारदहमा मानव बस्ती बसाल्ने क्रममा जग्गा खनन गर्दा दुर्गाको ढुङ्गे प्रतिमा फेला परेको थियो । त्यसै प्रतिमालाई मन्दिरमा स्थापना गरेर स्थानीयले पुजा सुरू गरेका थिए ।

कंकालिनी मन्दिरमा मनोकामना पूरा गर्ने शक्तिपीठहरूमध्ये एक पीठ मानिएको हुँदा यहाँ नेपाल तथा भारतका श्रद्धालु भक्तजनहरूले विशेषत: दशैंमा भाकल गरि बोका र राँगा आदि बलि दिन आवश्यक पूजा सामग्रीसहित घुइँचो लाग्ने गरेको छ । यहाँ बडादसैंमा हजारौं बोका र सयकडौं राँगाको बलि चढाइन्छ । मनोकामना पूरा भएकाहरूले पञ्चबलिसमेत गर्छन् । यहा वर्षेनी ३० हजार भन्दा बढि बलि प्रदान हुने गरेको विश्वास गरिन्छ ।

बड़ा दशैंमा यस देवीलाई दैनिक सरदर ५००० भन्दा बढीले दर्शन गर्ने गर्दछन्। दशैं भरि दैनिक एक हजार भन्दा बढी खसी(बोका बलि दिने यो मन्दिरमा राँगा बलि नवमी तिथि का दिन मात्र दिने चलन छ । सप्तरीको भारदहमा पूर्व(पश्चिम राजमार्ग छेउ अवस्थित कोशी तटबन्ध संगैको ठूलो भूभाग मा सुन्दर बगैंचा सहित रहेको कंकालनी भगवती मन्दिर क्षेत्र भित्र भगवान गणेश को एउटा सानो मन्दिर पनि छ। यो मन्दिरलाई नेपाली प्यागोडा शैलीमा निर्माण गरिएको छ । यहाँ रहेको मुख्य मन्दिर प्यागोडा शैलीमा रहेको पाइन्छ जुन अति सुन्दर रहेको छ । यस मन्दिरको पाँच स्तरको छाना रहेको छ ।

राजदेवी मन्दिर

राजदेवी मन्दिर सप्तरी जिल्लाको सदरमुकाम राजविराजको राजदेवी टोलमा पर्छ । प्राचीन इतिहास बोकेको यस मन्दिरको नामबाटै राजविराज नगरको नाम राखिएको हो । राजदेवी मन्दिर भित्र रहेको भगवतीलाई सेन वंशको इष्टदेवी मानिन्छ । राजदेवी मन्दिर यहाँ रहनुको प्रमुख कारण यहाँ सेन राजाहरूको कचहरी, किल्ला र दरवार रहनु हो । यस मन्दिरमा रहेको भगवतीलाई मनोकामना पूरा गर्ने देवी मानिएको हुँदा नेपाल र भारतका आमजनमानसको ठुलो आस्था रहेको छ । यस मन्दिरमा हिन्दुहरूको महान चाड दशैंमा ठुलो घुइँचो लाग्ने गरेको छ र यहाँ बोकाको बलि दिने गरिन्छ । प्राचीन इतिहास र किम्वदन्तीका अनुसार राजदेवी मन्दिरको उत्पति पनि सेन वंशको समयमा भएको देखिन्छ ।

सप्तरी जिल्ला स्थित शक्ति पीठहरु नेपाली समाजको पुरातात्विक, सास्कृतिक, ऐतिहासिक र धार्मिक धरोहर हो । विगतमा राज्यको प्रत्यक्ष संरक्षणमा रहदै आएको यी पारम्परिक विरासतले राष्ट्रको पहिचान बनाउने गरेको इतिहास छ । (मधेश दर्पण फिचर सेवा)




## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १

## कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौं देशको राजश्व बढाऔं । स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्मामामा सभागी बनौं । सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर



# बालबालिका खुसीका अनन्य स्रोत

प्रेमनारायण भुसाल

बाल्यकाल मानव जीवनको प्रारम्भिक अवस्था हो । बाबु र आमाबाट वंशाणुगत जैविक गुणहरु लिएर जन्मेको बच्चा सामाजिक अन्तरक्रियाबाट आफ्नो सोच, चिन्तन र जीवन दर्शन निर्माण गर्छ । बाल्यकालमा सांसारिक जालझेल र कपटबाट मुक्त तथा निर्दोष र अकलुषित हुने भएकाले बालबालिकालाई देवताको रुपसमेत मान्ने गरिन्छ । फरक रक्त समूहका आमाबाबुबीच भावनात्मक सम्बन्धको सेतु बनी आत्मीयता र प्रेमलाई प्रगाढरुपमा विकास गर्न सहयोग पुऱ्याउने भएकाले पारिवारिक संस्थाको जीवन्तता र स्थायित्वको सूत्रसमेत बालबच्चालाई मानिन्छ । जीवनप्रति सकारात्मक सोच निर्माण गर्ने काम बालबालिकाले गर्ने भएकाले फरक संस्कृति फरक रक्तसमूहका आमाबाबुलाई एकताको बलियो डोरीमा बाँध्ने तन्तुका रुपमा समेत बालबालिकालाई लिइन्छ । आमाबाबुको संयुक्त सिर्जना भएकाले बालबालिका त्यस परिवारकै सिर्जना र जिजीविषाका आधारसमेत बनेका हुन्छन् ।

बालबालिकाको जन्मपछि घरपरिवारमा अतिरिक्त दायित्व थपिनेमात्र नभई अभिभावकमा परिपक्वतासमेत आउँछ । दम्पत्तीलाई पूर्ण परिपक्व तथा जिम्मेवार बनाउने कामसमेत परिवारमा बालबच्चाको आगमनपछि हुने भएकाले मानसिक तुष्टि, जीवनप्रतिको सन्तुष्टि र सामाजिक, सांस्कृतिक परिपक्वताको द्योतक बालबालिका हुनेगर्छन् । बालबालिकाको जन्मसँगै स्याहारसम्भार र हुर्काउने जिम्मेवारी थपिँदा आमाबाबुलाई काम थपिएजस्तो देखिए पनि वास्तविकरुपमा बालबालिकासँग गरिने दैनिक क्रियाकलाप र अन्तरक्रियाले अभिभावकमा आफ्नो जीवनको सार्थकता र जैविक अस्तित्व रक्षा हुन सकेकामा आत्मसम्मानसमेत प्राप्त भइरहेको हुन्छ ।

बालबालिकाको जन्म भइसके पछि अभिभावकहरू बालबच्चासँग खेल्ने र उनीहरुलाई व्यस्त राख्ने काममा संलग्न हुँदा सकारात्मक ऊर्जाका कारणले उनीहरूको मानसिक सन्तुलन कायम गर्ने क्षमतामा झन् निखार आउँछ । यसैले त बालबालिकालाई सिर्जनशीलताको प्रतीकसमेत मानिने गर्छ ।

खाना, निद्रा, भय र मैथुनप्रतिको चाहना हरेक प्राणीलाई जन्मजातरुपमा प्राप्त भएको हुन्छ । मानिस अन्य प्राणीभन्दा श्रेष्ठ भएकाले अन्य प्राणीका यी साझा गुणभन्दा माथि उठेर परिवार, समाज र राष्ट्रकै लागि योगदान गर्न तयार हुनुपर्छ । अनि मात्र चेतनशील मानवका रुपमा जन्मनुको सार हुन्छ । बालबच्चालाई हुर्काउने सन्दर्भमा चराचुरुङ्गी र जीव जनावरमा समेत समानता देखिन्छ । चराचुरुङ्गीले आपसी प्रेम बढाएर भालेपोथी पालैपालो बच्चाको स्याहार सम्भार र रक्षा गर्ने गर्छन् भने अपवादका रुपमा हिंस्रक जनावरहरु आफ्नै जातका बच्चामाथि आक्रमण पनि गर्छन् । यस्ता केही जनावर हरुमा पोथीले आफूलाई कम महत्त्व दिई बच्चालाई बढी माया गरेकोमा ईर्ष्या र इगोका कारण भालेले बच्चालाई आक्रमण गरी हत्या गर्ने प्रयास गर्छ तर पोथीले प्राणै दिएर बच्चालाई सुरक्षा गर्छ । प्रकृतिले दिएको विशेष गुणका कारणले गर्दा अन्य जीवजनावरले पनि आफ्नो जैविक अस्तित्व सुरक्षा गर्नका लागि बालबच्चाको संरक्षण गर्छन् ।

मानव जीवनको सुनौलो बिहानी अर्थात् बाल्यकाल जीवनपर्यन्त सिकाइको पनि सुरुवाती चरण हो । यसैले बाल्यकाललाई भाँडाको आकार दिनका लागि तयार गरिएको काँचो माटोसँग पनि तुलना गरिन्छ । शरीर र मनको संरचना निर्माण हुने समय भएकाले यतिखेरका अनुभव र अनुभूतिले बालबालिकाको समग्र जीवनको व्यक्तित्व तय गर्छन् । मनोवैज्ञानिक फ्रायडले बाल्यकाललाई विभिन्न चरणमा बाँडेर त्यतिखेर उसले प्राप्त गरेको वातावरणका आधारमा उसको समग्र जीवनको पूर्वानुमान गर्न सकिने तथ्यलाई अगाडि सार्दै व्यक्तित्व निर्माण यसै समयमा सम्पन्न हुने तथ्य प्रस्तुत गरेका छन् । अन्य सामाजिक तथा संरचनात्मक मनोवैज्ञानिकहरुले समेत बाल्यकालमा सिकेका कुराले व्यक्तिलाई जीवनभर निर्देश गरिरहने भएकाले यस समयलाई निकै महत्त्वपूर्ण मानेका छन् । जसरी कुनै पनि संरचनाको जग वा आधार कमजोर भयो भने पूरै संरचना कमजोर हुन्छ त्यसैगरी बाल्यकालमा शारीरिक र मानसिक विकासका लागि आवश्यक पर्ने तत्त्वहरु पर्याप्तरुपमा प्राप्त हुन नसकेमा वा कमसल चिज प्राप्त भएमा बालबालिकाको जीवन संरचना कमजोर बन्छ । कमजोर जगमा निर्माण भएको बालबालिकाको व्यक्तित्व जीवनकालमा दुर्घटनामा पर्ने तथा असामाजिक र असामान्य गतिविधिमा अल्मलिने सम्भावना रहन्छ । यसैले पूर्वीय सनातन परिपाटीमा पनि बालबालिकालाई देवताकै रुप मानेर निःस्वार्थ रुपमा उनीहरूको संरक्षण गर्नुपर्ने कुरालाई जोड दिइएको छ ।

समग्र राष्ट्रका भविष्यका आधारका रूपमा रहेका बालबालिकाले बाल्यकालमा स्वस्थकर खानेकुरा, राम्रो वातावरण तथा असल संस्कार प्राप्त गर्न सकेनन् भने उनीहरु जीवनभर कुहिराको काग बन्ने सम्भावना रहन्छ । यसैले जीवनको जरो बाल्यकालमा राम्रो मलजल प्रदान गर्न सकेमात्र भावी वृक्ष बलियो र उन्नत बन्ने अपेक्षा गर्न सकिन्छ । बालबालिकाका सन्दर्भमा यस प्रकारको मल भन्नाले असल संस्कार, आचरण तथा आनीबानी हुन् । नानीदेखि लागेको बानी कहिले नजाने भन्ने नेपाली लोकभनाइले पनि बाल्यकालमा सिकेका कुराहरु जीवनसँग अन्योन्याश्रित भई संस्कारका रुपमा रहने भएकाले हटाउन गाह्रो हुने सत्यलाई सङ्केत गर्छ । जीवनको पछिल्लो समयमा बाल्यकालीन प्रवृत्तिभन्दा नितान्त फरकरुपमा परिवर्तन हुने व्यक्तिहरु निकै कम छन् । समयसमयमा रत्नाकर वाल्मीकि बनेको प्रसङ्गलाई धेरैले चर्चा गर्ने गर्छन् । यसरी वाल्मीकिको प्रसङ्गलाई मात्र चर्चा गर्नुको कारण यसरी व्यक्तित्व परिवर्तन हुने सम्भावना बिरलै हुने भएकाले पनि हो ।

शारीरिक स्वास्थ्यका दृष्टिले पनि बाल्यकालमा कुपोषणको सिकार भएको व्यक्तिको शरीरको संरचना, आङ्गिक विकास तथा मानसिक परिपक्वता र विकास सहीरुपमा हुनसक्दैन । युवावस्था र जीवनको पछिल्लो अवस्थामा धेरै सुखसुविधा र पौष्टिक तत्त्व प्राप्त गरे पनि बाल्यकालमा पूर्वाधार राम्रोसँग निर्माण भएको छैन भने त्यसले उसको व्यक्तित्व र वास्तविक स्वास्थ्यलाई सुदृढ पार्न सक्दैन । बिहानीले दिउँसोको सङ्केत गर्छ भनेजस्तै बाल्यकालले समग्र जीवनलाई प्रतिविम्बित गर्ने भएकाले सभ्य र सुसंस्कृत नागरिकको निर्माणका लागि बाल्यकालमा असल वातावरण, स्वस्थकर खाना र असल संस्कारले बालबालिकालाई सुसंस्कृत गर्नुपर्छ । जुन परिवारमा बालबालिका राम्रो संस्कार प्राप्त गर्छन् उनीहरुले दुःखकष्ट झेल्दै अघि बढ्नु परे पनि जीवनमा सफलता प्राप्त गरी असल मानिस बनेर समाज र राष्ट्रलाई योगदान गर्न सक्छन् । तर असल संस्कार प्राप्त गर्न नसकेका बालबालिकाले जतिसुकै सुविधा प्राप्त गरे पनि भविष्यमा उनीहरूले न आफ्नो उन्नति गर्न सक्छन् न त समाजलाई नै केही योगदान गर्न सक्छन् । बाल्यकाल निकै संवेदनशील अवस्था हो । बालबालिकाको कलिलो मस्तिष्कमा परेको छाप अमिट हुने भएकाले हरेक अभिभावक आफ्ना बालबालिकालाई असल संस्कार र शिक्षा दिनेमा सचेत हुनुपर्छ ।

बालबालिकाको वृद्धि र विकाससँगै अभिभावकको खुशी र सन्तोषको मात्रामा समेत वृद्धि हुँदै जान्छ । शिष्ट, सभ्य र शान्त वातावरणमा बालबालिकालाई हुर्काउन सकेमा घरको सुन्दरता र सकारात्मक ऊर्जा बढ्दै जान्छ । अज्ञानवश धेरै सुखसुविधा दिने मनसायले र बालबालिकालाई दुःख, अभाव र नमीठोपनको महसुस नै गर्न नदिने चाहनाका कारण केही अभिभावकहरु सन्तानलाई जीवनका वास्तविक घटनाहरुको अनुभव गर्नबाट वञ्चित गर्छन् । बालबालिकाका लागि उनीहरूको उमेरअनुसार जोखिमरहित सामाजिक र दैनिक जीवनका वास्तविक घटनाहरुसँग भने साक्षात्कार हुने अवसर दिनुपर्छ । समाजबाट अलग्याएर विशेष किसिमको वातावरण दिन्छु भन्ने मनसाय राखियो भने बालबालिकाले केही पाउनुको सट्टा धेरै कुरा गुमाउँछन् र उनीहरु मानसिकरुपमा अस्वस्थ बनी समायोजनगत समस्यामा पर्छन् । समाजमा असल खराब सबै किसिमका मानिसहरु हुन्नु शाश्वत सत्य हो । समाजका मानिसका आनिबानी र दैनिक गतिविधि पनि फरकफरक किसिमका हुने गर्छन् । संस्कार, संस्कृति, भाषा, धर्म, पेसा व्यवसाय एवम् जीवनदर्शन समेत अलगअलग हुनु आधुनिक समाजको विशेषता पनि हो । यस्तो परिस्थितिमा केही अभिभावकले अतिसंवेदनशील बनी अन्य संस्कृति, परम्परा र रहसहन भएका मानिसहरुको सङ्गतमा जानबाट आफ्ना बालबालिकालाई पूर्णरुपमा बन्देज गरेका हुन्छन् । 'बोइलर कुखुरा'लाई जस्तै अतिनियन्त्रित वातावरणमा थुनेर बालबालिकालाई आफूले चाहे अनुसार बनाउने अपेक्षा राख्नु आफ्ना तिनलाई कमजोर र असहिष्णु बनाउनु हो । विविधता नै प्रकृतिको नियम भएकाले यसलाई जीवनबाटै पन्छ्याउने प्रयास गर्नुभन्दा विविधताभित्रको सुन्दरतालाई ग्रहण गर्न सक्ने बनाउनु असल अभिभावकको खुबी हो ।

विषालु सर्प र मीठो महको सञ्चय गर्ने मौरी समान वातावारणमा पाइन्छन् । सर्प त्यही वातावरणमा रहेको विषालु पदार्थ सङ्कलन गर्दै हिँड्छ भने मौरी वातावारणमा पाइने फूलहरूको मधुर रस सङ्कलन गर्न उद्यत हुन्छ । मौरीलाई विषको संसर्गमा जानबाट रोक्ने वा सर्पलाई फूलको रस खान निषेध गर्ने कुनै संयन्त्र नहुँदा पनि उनीहरु आआफ्ना गुणअनुसारका काममा मात्र तल्लीन हुन्छन् । यसैगरी अभिभावकले आफ्ना बालबालिकालाई खराब ठाउँमा जान र खराब मानिसहरुसँग सङ्गत गर्नबाट रोक्नुभन्दा खराब चिज सङ्कलन नगरी असल कुरामात्र सङ्कलन गर्न सक्ने क्षमताको विकास गर्न प्रशिक्षित गर्नुपर्छ । बालबालिकामा असल दृष्टिकोणको अंकुरण गराउन सकियो भने उनीहरु ठूलो हुँदा नराम्रो वातावरण र खराब सङ्गतमा पुग्दा पनि राम्रा कुराहरु नै सिक्न र सिकाउन सक्छन् । यसैले बालबालिकाको भविष्यप्रति साह्रै चिन्तित भएर निराश हुँदै उसलाई जोगाउन अनेक किसिमका तानाबाना बुन्नुभन्दा असल कुरा ग्रहण गर्नसक्ने क्षमता विकास गराउन असल संस्कारले सम्पन्न पार्नु बुद्धिमानी हुन्छ ।

बालबालिकालाई ज्यादै कलिलो अवस्थामा पढाइ लेखाइमा आकर्षित गर्नुभन्दा उनीहरुलाई खुसी रहन सिकाउनुले जीवनमा महत्त्वपूर्ण अर्थ राख्छ । घरपरिवारबाट बालबालिकाले खुसी हुने कला सिक्न सके भने उनीहरूको जीवन सिर्जनशील बन्न सक्छ । प्रतिशोध, ईर्ष्या र प्रतिस्पर्धाको भावनाभन्दा सहयोगी भावना विकास गरी उनीहरुलाई हुर्काउन सकियो भने जीवनमा वास्तविक शान्ति प्राप्त गर्न सक्छन् । यसैले बालबालिकामा सद्विचार र सत्कर्मलाई सिञ्चित गर्न अभिभावकहरुले सतर्कतासाथ आफू खुसी भई बालबालिकालाई खुसी राख्ने एवम् उनीहरुलाई सकारात्मक काममा अभिप्रेरित गर्ने कुरामा ध्यान दिनुपर्छ । बालबालिकालाई डर देखाएर सुधार्ने नाउँमा वा अन्य कुनै कारणले आक्रोश र भय प्रदर्शन गर्ने तथा शारीरिक दण्ड दिने गर्दा उनीहरु दिग्भ्रमित बनी घरपरिवारमै अविश्वासको वातावरणमा अल्मलिन सक्छन् । बालबालिका हुर्काउने कुरामा तालमेल नमिल्दा युवावस्थामा उनीहरुको जीवनप्रतिको दृष्टिकोण, आफ्नो पहिचान र जीवनको सार्थकताका विषयमा संशय पैदा भई व्यक्तित्व विघटन हुने तथा मनोसामाजिक समस्याले ग्रस्त हुने सम्भावना रहने भएकाले बाल्यकालमै उनीहरुलाई असल

वांकी अन्तिम पेजमा...

## ब्राउन सुगर सहित दुई पक्राउ



झापा । झापाको मेचीनगर नगरपालिका वडा नं. १५ हेल्दुवारीबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित २ जना पक्राउ परेका छन् ।

बिशेष सूचनाको आधारमा प्रहरी चौकी ज्यामीरगढिबाट खटिएको प्रहरी टोलीले स्थानीय २४ बर्षीय बिष्णु राजवंशी र १८ बर्षीय सागर पाहानलाई ११.०६ ग्राम नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको हो ।

बा ३८ प ३८८५ नम्बरको मोटरसाईकलमा सवार रहेका निजहरुलाई रोकेर चेकजाँच गर्ने क्रममा निजहरुको साथबाट उक्त परिणामको नियन्त्रीत लागुऔषध ब्राउनसुगर , नेपाली रुपैयाँ ८१ हजार १ सय, भारतिय रुपैयाँ १ सय १० रुपैयाँ र मोवायल २ थान बरामद भएको थियो ।

लागुऔषध सहित पक्राउ परेका दुवै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।


कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १



सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १



विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

# लागु औषध सहित छुट्टा-छुट्टै स्थान बाट पांच पक्राउ

सुनसरी । सुनसरीका दुई छुट्टाछुट्टै स्थानबाट नियन्त्रीत लागुऔषध सहित ५ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सुनसरी बाट खटिएको प्रहरी टोलीले बुधवार ईनरुवा नगरपालिका वडा नं. ६ बाट ४ जना र आज बिहान ईनरुवा नगरपालिका वडा नं. १० बाट १ जनालाई पक्राउ गरेको हो ।

ईनरुवा नगरपालिका वडा नं. ६ बाट डाईलेक्स डीसी १०० को १४ बोतल, एसपामो प्रोक्सीभोन ८ क्याप्सुल, निटराभेट १० लेखिएको १५ ट्याब्लेट, बिभिन्न कंपनीको मोबायल थान-५ र प्रदेश १०-०२०४१ प ९२७ नम्बरको मोटरसाईकल थान १ सहित स्थानीय नारायण खड्का, सुनिल मोची, सुरेस मोची र निसान मगर समेत पक्राउ परेका हुन् ।



त्यसैगरी ईनरुवा नगरपालिका वडा नं. १० बाट हरिनगर गाउँपालिका वडा नं ४ का २७ बर्षीय नौसाद अन्सारीलाई डाईलेक्स डीसी १०० को ३९ बोतल, एसपामो प्रोक्सीभोन ७२ क्याप्सुल, निटराभेट १० लेखिएको ७७ ट्याब्लेट र १ थान मोवायल सहित पक्राउ गरेको हो । पक्राउ परेका पाँचै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

त्यसैगरी सुनसरीको बराहक्षेत्र वडा नं. ७ बोराबाध स्थितबाट लागुऔषध खैरो हिरोईन ब्राउनसुगर सहित दुई जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सुनसरी कोशी गाँउपालिका वडा नं. ५ का २८ बर्षीय राम कुमार यादब र सोही स्थानका २३ बर्षीय श्रमण कुमार चौधरी रहेका छन ।

बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरी गस्ती टोलीले को ४ प ३३६६ नम्बरको मोटरसाईलमा सवार गरी आएका दुबै जनालाई नियन्त्रणमा लिएको थियो ।

नियन्त्रण पश्चात उनिहरु उपर चेकजाँच गर्दा ३ ग्राम २२ मिलिग्राम खैरो हिरोईन ब्राउनसुगर लागुऔषध फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

यसरी लागुऔषध सहित पक्राउ परेका दुबै जना उपर ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट कानुनी कारबाही अगाडी बढाईएको छ ।

## पत्रकारलाई...

बिर्सेको मलाई महशुस भएको थियो । अरुलाई त आफ्नो र आफ्नो घर परिवारको मात्र चिन्ता थियो । तर मलाई अझ बढी दवाव र जिम्मेवारी अनि सबैले सोध्ने प्रश्नको उत्तर मैले त्यो बेलामा रेडिमेड बनाएर राख्नुपर्ने थियो । फोन उठाउन त के, जवाफ दिउँ कि, फोन नै नउठाउँजस्तो । झन् त्यसको परिणाम के आउने हो, केही थाहा थिएन । केही हुन्न भनेर सबैलाई जवाफ दिन्थे । हामीले केही दिन अगाडिमात्र सबै कर्मचारीको कोभिड १९ को बिमा गराएकाले केही सान्त्वना दिने साहस एउटा त्यही मात्र छ ।

हामी पहिलादेखि नै शर्तक रहेकाले उहाँको घर जाँदा मास्क र पञ्जा पनि लगाएका थियौं । उहाँको घरमा बसुञ्जेल सामाजिक दुरी पनि कायम गर्‍यौं। तर जब पत्रकार साथीहरू संक्रमित भएको खबर आयो, उहाँले लगभग मलाई ३ दिनमा २१ पटक फोन गर्नुभयो । चियाले पनि सर्छ भनेर सुन्दै छु, तपाइंले त हाम्रो घरमा चिया पनि खानु भएको छ । मेरो बाबुलाई चकलेट पनि दिनुभएको थियो । अब के होला ? उहाँका यस्ता प्रश्नको जवाफ मसंग थिएन । जिन्दगीमा पहिलोपटक चिया होइन, त्यो दिन मैले बिष पिए झैं भयो ।

लकडाउनका कारण सबैजना घरमा बसिरहेका थिए । मेरो घरको छेउमा एक जना आन्टी हुनुहुन्छ । उहाँ धार्मिक व्यक्ति भएकाले लकडाउनको समयमा घरमै बसेर सामाजिक संजालमार्फत धार्मिक गीत गाउनुहुन्थ्यो । उहाँले मलाई भन्नुभयो, 'मैले एउटा कोरोना सम्बन्धी गीत बनाएको छु, यसलाई रेकर्ड गरेर भिडियो बनाईदिनु ।' मैले पनि यस्तो समयमा, त्यो पनि कोरोनाकै गीत किन नबनाई दिने ? गीत रेकर्ड गराउनका लागि उहाँ त्यही दिन अर्थात ३० गते नै कार्यालय आउनुभएको थियो । सहकर्मीले उहाँको गीतको भिडियो रेकर्ड गरिसकेर आन्टी कार्यालयमै हुँदा पत्रकार संक्रमित भएको खबर हामीले पाइसकेका थियौं । हामीले कुरा लुकाएनौं उहाँलाई मैले भनें । त्यो बेला मुख मलिन भएको थियो । तर अरुजस्तै उहाँले आफ्नो तनाव बाहिर देखाएर हामीलाई त्रसित बनाउने काम गर्नु भएन । यद्यपि कार्यालयकै केही सहकर्मीहरूले भने नबुझ्ने तरिकाले मलाई ब्यङ्ग्य गरिरहेका थिए । हुन त यहाँ यस्तै चलन छ । राम्रो भयो भने मैले गरेको, नराम्रो भयो भने अरुलाई दोष देखाउने ।

अर्को एकजनाको व्यवहारले मलाई अलिक अप्ठ्यारो पार्‍यो । एकजना मित्रले त्यही दिन मलाई आफ्नो घरमा बोलाएर चिया खुवाउनु भएको थियो । लकडाउनको बेला जान त हुँदैन्थ्यो । तर मिल्ने भएका र उहाँको घर गएपछि पत्रिकाका लागि अन्तरवार्ता लिने काम पनि हुने भएकाले म र एक जना सहकर्मी गयौं । मैले उहाँको घरमा जाँदा उहाँको छेरोको लागि चकलेट पनि दिएको थिएँ । हामी पहिलादेखि नै शर्तक रहेकाले उहाँको घर जाँदा मास्क र पञ्जा पनि लगाएका थियौं । उहाँको घरमा बसुञ्जेल सामाजिक दुरी पनि कायम गर्‍यौं। तर जब पत्रकार साथीहरू संक्रमित भएको खबर आयो, उहाँले लगभग मलाई ३ दिनमा २१ पटक फोन गर्नुभयो । चियाले पनि सर्छ भनेर सुन्दै छु, तपाइंले त हाम्रो घरमा चिया पनि खानु भएको छ । मेरो बाबुलाई चकलेट पनि दिनुभएको थियो । अब के होला ? उहाँका यस्ता प्रश्नको जवाफ मसंग थिएन । जिन्दगीमा पहिलोपटक चिया होइन, त्यो दिन मैले बिष पिए झैं भयो ।

धन्न तीन दिनपछि दुई जना संक्रमतिसहित पर्सा जिल्लामा १०४ जना पत्रकार सबैको रिपोर्ट नेगेटिभ आयो । तब अलिक राहत भयो । समाजका लागि रातदिन लड्ने पत्रकार संक्रमित हुँदा जुन किसिमको व्यवहार भोगियो, त्यो राम्रो भने पक्कै पनि थिएन । कतिपयले त पत्रकारलाई कोरोना लाग्दैनजस्तो गरेर जताततै विनाकाम हिँड्थे पनि । अरु सबैभित्र हुँदा पत्रकारले पहेलो ज्याकेट लगाएर गाडी चलाएको तर आफूले चलाउन नपाएको रिससमेत कतिपयले पोख्ने गरेको त्यो घटनाले झल्को दिइरहन्छ मलाइ ।

तर शुरूमा संक्रमित देखिएका वीरगन्जका सबै निको भएर डिष्चार्ज भएपछि अहिले वीरगञ्ज क्षेत्र अलि हडबडाउन छोडेको छ । पर्सामाभन्दा अहिले अरु जिल्लामा पनि बढी संक्रमित फेला परिरहेको अवस्थामा यस्तै पो रहेछ ! भन्ने मानसिकता स्थानीयमा विकास हुन थालेको छ । सरकारको तयारी, हाम्रो स्वास्थ्य संस्थाको क्षमता र सबै सर्वसाधारणको सुरक्षा सतर्कताको अवस्था भने अहिले कमी खडि्करहेको छ । सर्वसाधारणले पनि यो क्षेत्रमा भएका विभिन्न किसिमका आन्दोलनमा प्रहरीलाई छलेर बाहिर हिँडेकोजस्तो ठानिरहेका छन् । यो त आफ्नै सुरक्षाको लागि सतर्कता हो भन्ने धेरैले ठानेकय छैनन् । त्यसैले अहिलेको अवस्थामा अरुलाई दोषारोपण गर्नुको साटो आफू सुरक्षित हुनुवाहेक अर्को विकल्प नै के छ र ?

(वीरगञ्जकी क्रियाशील पत्रकार खड्का, वीरगञ्ज महानगरपालिका वडा नम्वर ८ स्थित मध्य नेपाल मिडिया प्रा.लि.द्वारा संचालित मध्य नेपाल सन्देश साप्ताहिक पत्रिका तथा अनलाइनको सम्पादक हुनुहुन्छ ।)
महिला खबरबाट


## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।


# दुनियाँको सबभन्दा महंगो परेवा

एउटा परेवाको मूल्य कतिसम्म पर्ला ? बेल्जियममा एउटा परेवा २२ करोड रुपैयाँ भन्दा धेरै मूल्यमा बिकेको छ ।

बेल्जियममा एउटा रेसर परेवा १९ लाख डलरमा बिक्री भएसँगै दुनियाको सबैभन्दा महंगो परेवाको कीर्तिमान कायम गरेको छ ।


न्यू किम नामको उक्त पोथी परेवाको उमेर २ वर्षको छ ।

तिव्र वेगमा उड्नसक्ने उक्त धावक परेवालाई २ सय ३७ डलरमा लिलामीमा राखिएको थियो । तर त्यसको मूल्यभन्दा कैयन् गुणा धेरै अर्थात् १९ लाख डलरमा चीनका एक व्यक्तिले सो परेवा खरीद गरे ।

समाचार एजेन्सी रोयटर्सका अनुसार परेवारको मूल्य त्यतिधेरै परेको सुन्दा उक्त परेवाका मालिक कुर्त वाउवर आफु तिनछक परेको बताउँछन् ।

यसअघि सबैभन्दा बढि मूल्यमा बिक्ने परेवाको किर्तिमान एउटा चार वर्षको भाले परेवारको नाउँमा थियो, जो १४ लाख डलरमा बिक्री भएको थियो । अरमान्डो नामको उक्त रेसिङ च्याम्पियन परेवालाई परेवाको लुईस ह्यामिल्टन पनि भनिन्थ्यो । उक्त परेवा रिटायर्ड हुनुभन्दा अगाडि सन् २०१९ मा त्यो परेवालाई बिक्री गरिएको थियो ।

सबैभन्दा महंगो परेवा न्यू किमले



सन् २०१८ मा आयोजित परेवा उडान प्रतियोगितामा विभिन्न राष्ट्रिय प्रतिस्पर्धाहरु जितेको थियो र त्यसपछि उसले अवकास लिएको थियो ।

पछिल्लो केही वर्षमा चीनमा परेवाको उडान प्रतियोगिता निकै लोकप्रिय बनिरहेको छ ।

त्यसैले न्यू किम नामक बेल्जियन परेवा खरीदका लागि चीनका दुईजना खरीदकर्ताहरुले लिलाम बढाबढमा बोली लगाएका थिए ।

यो परेवाले १० वर्षको उमेर हुँदासम्म फुल पार्न सक्दछ । त्यसैले करोडौंमा किनिएको यो परेवालाई समेत प्रजनन मार्फत रेसिङ परेवा उत्पादनका लागि प्रयोग गर्ने सम्भावना रहेको छ ।

लिलामी संस्था पिपाका सिइओ निकोलसका अनुसार न्यू किम परेवाको किर्तिमानी मूल्य अविश्वसनीय हो ।

उनका अनुसार बेल्जियममा करीब २० हजार परेवा पालक रहेका छन् ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १



## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।



सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १